केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३६/०६६/६७ मिति : २०६६/१२/२६

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा देहाय बमोजिमको व्यवस्था कायम गर्ने उल्लेख भएको हुँदा सो वमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) सम्बन्धमा:**
यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/३/०६६/६७ मिति २०६६/०४/३० मा जारी परिपत्रको बुँदा नं. (२) मा भएको व्यवस्थामा देहायको व्यवस्था थप गरिएको छ।
*तर, निर्यात क्षेत्र, साना तथा मझौला उद्योग, औषधी उत्पादन उद्योग, कृषि क्षेत्र, पर्यटन उद्योग, सिमेन्ट उद्योग, फलाम उद्योग तथा अन्य उत्पादनमूलक उद्योगहरुमा प्रवाह हुने कोष तथा गैर कोषमा आधारित कर्जाको एकल ग्राहक कर्जा सीमा अधिकतम ३० प्रतिशत कायम गरिएको छ। साथै, जलविद्युत परियोजना, जलविद्युत प्रशारण लाइन र केवलकार उद्योगको लागि यस अघिको ५० प्रतिशतको सीमालाई यथावत कायम गरिएको छ।*

२. **वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धमा:**
यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई पत्र संख्या: बै.वि.नि.वि./नीति/परिपत्र/३/०६६/६७ मिति २०६६/०४/३० मा जारी परिपत्रको बुँदा नं. (३) मा भएको व्यवस्थामा देहायको व्यवस्था थप गरिएको छ।
*यस अनुरुप वैधानिक तरलता अनुपात कायम गर्दा तोकिएको ऋणपत्र वा सोही प्रयोजन खोली "क" वर्गको वाणिज्य बैंकमा Call Deposit मा राखेको रकमलाई समेत उक्त व्यवस्थाको लागि योग्य उपकरण (Eligible Instruments) को रुपमा गणना गर्न पाइने छ।*

३. **निर्यात पुनरकर्जा (Export Refinancing) सम्बन्धमा:**
यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई यस बैंकले १.५ (एक दशमलव पाँच) प्रतिशत व्याजदरमा स्वदेशी मुद्रामा निर्यात पुनरकर्जा सुविधा उपलब्ध गराउने र ती बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट बढीमा ४.० (चार दशमलब शून्य) प्रतिशतसम्म व्याज असुली गर्न पाउने व्यवस्था कायम गरिएको छ।

४. **इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा:**
ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने उद्देश्यले वित्तीय सेवाको पहुँच नपुगेका ग्रामीण क्षेत्र (महानगरपालिका तथा उप-महानगरपालिका बाहेक) मा कार्यक्षेत्र रहने गरी स्थापना हुन चाहने इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त विकास बैंकलाई इजाजतपत्र प्रदान गर्ने कार्यलाई खुला गरिएको छ। साथै, यस बैंकमा निवेदन दिइसकेका एकदेखि तीन जिल्ला कार्य क्षेत्र हुने गरी प्रस्तावित विकास बैंकहरूलाई पनि इजाजतपत्र प्रदान गर्ने कार्य खुला गरिएको छ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, लघु वित्त विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
८. श्री श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
९. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं।
१०. श्री नेपाल वित्त कम्पनी संघ, बागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।